स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म "पारस" मा अभिनेत्री प्रियाँ कार्की भित्रिएकी छन्। फिल्मको मुख्य भूमिकामा अभिनय रहने गरेर निर्माण युनिटले उनलाई फिल्ममा भित्र्याएको हो। फिल्म कृषा चौँलागाईंले निर्देशन गर्न लागेकी हुन्। फिल्मको कलाकारको रूपमा यसअघि निखिल उप्रेती, जसिता भित्रिएका थिए। भन्ने खुलाइएको छैन। जसिता फिल्ममा अनुबन्धित हुँदा अधिकांशले जसिताको अपोजिटमा निखिल उप्रेती हुने भनेर चर्चा गरेका थिए।

**आजको विचार...**



दलभित्रको...
*(दुई पेजमा)*

जगदीश भट्टराई



बलिउडकी भर्सटाइल अभिनेत्री आलिया भ यतिबेला आफ्ना फरक-फरक प्रोजेक्टका कारण चर्चामा छिन्। "अल्फा" जस्तो एक्सन फिल्म र "लभ एण्ड वार" जस्तो पिरियड ड्रामापछि अब उनी सम्बन्धमा आधारित एउटा सामाजिक ड्रामा फिल्म "हाउसवाइफ" मा देखिने भएकी छन्। यो फिल्मलाई "दृश्यम २" का निर्देशक अभिषेक पाठकले निर्माण गर्दैछन्। यस फिल्ममा शीर्ष भूमिका निभाउनेछिन्। मुख्य अभिनेताका लागि राजकुमार रावसँग कुराकानी भइरहेको छ।

❒ वर्ष ३१ अंक १९९ ❒ २०८२ फागुन ३ गते आइतबार 15 February 2026, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# आज हर्षोल्लासका साथ मनाइँदै महाशिवरात्रि

## देशभर सार्वजनिक विदा

**मनिषा आले**

**पाल्पा,** फागुन २/प्रत्येक वर्ष जस्तै यस वर्ष पनि आज देशभर हर्षोल्लासका साथ महाशिवरात्रि पर्व मनाइँदै छ । देशभरका शिवालय मन्दिरहरुमा विधिपूर्वक पूजा, आराधना एवं दर्शन गरी यो पर्व मनाउन लागिएको हो ।

प्रत्येक वर्ष फागुन कृष्ण चतुर्दशी मध्यरातमा परेका दिन मनाइने महाशिवरात्रि आराध्यदेव भगवान् शिवको पूजा-आराधना गरी मनाउने गरिन्छ । हिन्दु धर्मावलम्बीहरू आज बिहानैदेखि नदी, कुण्ड र तलाउमा स्नान गरी शिवालयमा गई श्रद्धाभक्तिपूर्वक पूजा-आराधना गर्ने चलन छ ।




शिवजी उत्पत्ति भएको रातका नामबाट नामकरण भएका शिवरात्री:कालरात्री,मोहरात्री,सुखरात्रीमध्ये प्रमुख रहेको शिव पुराण लगायतका ग्रन्थमा उल्लेख छ । पर बह्मले फागुन कृष्ण चतुर्दशीका दिन मध्यरातमा शिवरुप धारण गरेकाले मध्यरातमा चतुर्दशी तिथि परेकै दिन पूजा, आराधना, दर्शन गरे यस लोकमा सुख, शान्ति र परलोकमा सद्गति प्राप्त हुने शास्त्रीय वचन रहेको पण्डित होमनाथ बस्यालले बताए । यसले दिन भक्तजनले शुद्ध भई शिव मन्दिरमा पूजा-अर्चना गरी व्रत बस्ने र भगवान् शिवको प्रिय वस्तु दूध, धतुरो र बेलपत्र चढाउने गर्छन् । यस पर्वका दिन उपवास गरी रातभर जाग्राम बसे सर्वसिद्धि लाभ भई यमलोक जानु नपर्ने धार्मिक विश्वास छ । आजको दिन भगवान महादेवलाई जाडो हुने जन-विश्वासले प्रत्येक घर, चोक र मठमन्दिरमा दाउरा मागेर धुनी जगाई भजन कीर्तन गर्नुका साथै आगोमा प्रसाद बनाई ग्रहण गरिन्छ । आज देशभरका शिवालय मन्दिरहरुमा विहानैदेखि भक्तजनको घुइँचो लागेको छ । विशेषत: काठमाडौंको पशुपतिनाथ शैवमार्गी हिन्दूका लागि एकमात्र शिवलोकका रुपमा प्रसिद्ध छ । प्राचीन कालदेखि नै शैवधर्मको केन्द्र मानिने नेपालमा महाशिवरात्रीका अवसरमा विशेषगरी भारतबाट आउने साधुसन्तका कारण पनि पशुपतिनाथ मन्दिर परिसर निकै रमणीय बन्ने गरेको छ । यता पाल्पाका बगनासकाली, तानसेन, रिब्दीकोट, रैनादेवी छहरा, रामपुर लगायतका प्रसिद्ध शिव मन्दिरहरुमा भिड लाग्ने गर्दछ । हिन्दू संस्कृतिमा कालरात्री, सुखरात्री, मोहरात्री र शिवरात्री जस्ता चार रात्री प्रख्यात छन् । कसैले भगवान शिवको जन्म भएकाले आराधना गर्ने गरेको मान्ने गर्छन् भने कसैले शिवरात्रिको दिन भगवान शिवको पार्वतीसँग विवाह भएको विश्वास गर्छन् । यो दिन भगवान शिवलाई आराधना गर्ने सबैभन्दा उपयुक्त दिनका रुपमा धर्मग्रन्थहरुमा व्याख्या गरिएको छ । भगवान शिवको आराधना गरी व्रत उपासना गरेमा मनुष्य जीवनबाट मुक्ति पाउने किंवदन्ती छ । शिवलाई महादेव, इशान, महेश, हर शंकर, रुद्र, गिरीश जस्ता नामले पुकार्ने गरिन्छ । कतै-कतै भगवान शिवलाई प्रसन्न पार्ने हेतुले शिवको प्रिय गाँजा, भाङ, धतुरो, घोट्टा आदिको सेवन गर्ने चलन छ । महिलाका लागि शिवरात्रीको विशेष महत्व छ । अविवाहित युवती शिवको प्रर्थाना गर्छन् र असल पतिको कामना गर्छन् । विवाहित महिला आफ्ना पति र परिवारको मंगल कामना गर्छन् । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने यस पर्वलाई दीनदु:खी र कष्टपूर्ण अवस्थामा रहेका प्राणीको ह्दयमा धर्मको उदय गराउने आशुतोष भगवान् शिवको अति प्यारो दिनका रूपमा पनि लिइन्छ । यस पर्वको अवसरमा सरकारले आज सार्वजनिक विदा समेत दिएको छ ।

(- ...बाँकी अन्तिम पेजमा )

## संक्षिप्त समाचार

### अफगानिस्तानमा पहिरोमा चारको मृत्यु

(रासस/सिन्ह्वा)

**काबुल**, फागुन २/अफगानिस्तानको पूर्वी क्षेत्र कापिसा प्रान्तमा शुक्रबार राति गएको पहिरोले एक आवासीय घरमा क्षति पुऱ्याउँदा चार जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । प्रान्तीय प्रहरी प्रवक्ता अब्दुल फताह फैजले शनिबार यसबारजानकारी दिएका हुन् । प्रवक्ता अनुसार, प्राकृतिक विपत्ति प्रान्तीय राजधानी महामूद-ए-राकीको बाहिरी क्षेत्र शुखी गाउँमा घटेको हो। घटनास्थलमा उद्धारकर्मीहरूले तत्काल उद्धार कार्य सुरु गरेका थिए । स्थानीयहरूले पहिरोले घरहरू क्षतिग्रस्त भएको र धेरै परिवार प्रभावित भएको बताए । यद्यपि अझै केही घरहरूमा मानवीय क्षति वा अन्य घाइतेको संख्या पुष्टि हुन बाँकी छ । अफगानिस्तानमा अधिकांश आवासीय घरहरू माटो र अन्य परम्परागत सामग्रीबाट बनेका हुने भएकाले पहिरो, वर्षा र हिउँपातको समयमा यी घरहरू अत्यन्तै असुरक्षित हुन्छन्। प्राय: ग्रामीण क्षेत्रका घरहरू भत्किन वा पुरिनु सामान्य समस्या हो ।

## पाल्पामा टिपर र मोटरसाइकल ठोक्किँदा दुई जनाको मृत्यु




**पाल्पा,** फागुन २/जिल्लाको तिनाउ गाउँपालिका-३ दोभानमा टिपर र मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाईकलमा सवार गुल्मीको कालिगण्डकी गाउँपालिका पुर्तिघाटका ३१ वर्षीय मिलन सार्की र बुटवलउपमहानगरपालिका -८ सुख्खानगरकी २८ वर्षीष सीस्ता राना रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । दोभानस्थित सिद्दार्थ राजमार्गमा शनिबार दिउँसो बुटवलदेखि पाल्पातर्फ आउँदै गरेको लु ४९ प ७७९५ नम्बरको मोटरसाईकल र विपरीत दिशाबाट जाँदै गरेको लु २ ख १८८३ नम्बरको टिपर एकआपसमा ठक्कर खाएर दुर्घटना भएको थियो । दुर्घटनामा घाइते उनीहरुलाई प्रहरी चौकी दोभानबाट खटेको प्रहरी टोलीले उद्दार गरी उपचारको लागि लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाएको थियो । अस्पताल पुऱ्याईएका उनीहरुलाई डाक्टरले चेकजाँच गर्दा मृत घोषणा गरेको प्रहरी नायव उपरीक्षक चौधरी बताए । टिपर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सूचना

**महाशिवरात्रि २०८२** को पावन अवसरमा हाम्रा ग्राहकवर्ग विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरुमा **हार्दिक शुभकामना** व्यक्त गर्दछौं । महाशिवरात्रिको अवसरमा फागुन ३ गते आइतबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक फागुन ४ गते सोमबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ ।

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## पाल्पामा निर्वाचन प्रहरी : सुरक्षासँगै मानवीय कार्यमा सक्रिय

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन २/पाल्पामा खटिएका निर्वाचन प्रहरीले आफ्नो व्यावसायिक जिम्मेवारीसँगै मानवीय सेवामा खटिएका छन् । निर्वाचनको सुरक्षाको जिम्मेवारीसँगै रक्तदानमार्फत बिरामीको ज्यान बचाउने पवित्र कार्यमा उनीहरु लागेका हुन् । एक महिने जागिरमा भर्ना भएका पाल्पाका निर्वाचन प्रहरीले देखाएको मानव सेवा कार्य देशमै नमुना बनेको छ । विहानदेखी साझ सम्म निर्वाचन सुरक्षाको बारेमा तालिम तथा प्रशिक्षणमा खटिएका उनीहरुले शनिवार समय मिलाएर रक्तदान कार्यक्रममा सहभागी भएका हुन् । जिल्ला प्रहरी कार्यालय पाल्पाको समन्वयमा र नेपाल रेडक्रस सोसाइटी पाल्पाको प्राविधिक सहयोगमा प्रहरी कार्यालय परिसरमै रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।



निर्वाचनको सुरक्षाको तालिममा सहभागी २५ जना निर्वाचन प्रहरीले स्वेच्छिक रक्तदान गरी सामाजिक सेवामा नमुना काम गरेका हुन् । निर्वाचन सुरक्षामा खटिन पाउँदा गौरव लागेको र त्यसमाथि रक्तदान गरेर कसैको ज्यान बचाउन पाउँदा झनै खुसी लागेको रक्तदानमा सहभागी निर्वाचन प्रहरी कमल भट्टराई बताए ।प्रहरीको मुख्य उद्देश्य निर्वाचनलाई शान्तिपूर्ण बनाउनु हो । नागरिकको सुरक्षासँगै नागरिकको जीवन बचाउनु प्रहरीको अर्को धर्म हो । निर्वाचन प्रहरीले देखाएको यो मानवीय भावनाले प्रहरी र नागरिकबीचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ ।

(... *बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## महाशिव रात्रीको महत्व, आस्था र आत्मअनुशासन

हिन्दू संस्कृतिमा महाशिवरात्रि केवल धार्मिक पर्व मात्र होइन, आत्मचिन्तन र आत्मसंयमको अभ्यास गर्ने विशेष अवसर हो। फागुन कृष्ण चतुर्दशीको रातमा मनाइने यो पर्व भगवान शिवको तप, धैर्य र सन्तुलित जीवनदर्शनसँग जोडिएको छ । शिवलाई विनासका देवता भनिए पनि विनासको अर्थ सृष्टि समाप्त गर्नु होइन, विकृति हटाएर शुद्धता स्थापना गर्नु हो । त्यसैले महाशिवरात्रि मानव जीवनका गलत प्रवृत्तिहरू त्याग्ने र सकारात्मक व्यवहार अंगाल्ने सन्देश बोकेको पर्व पनि हो । यो दिन व्रत बस्ने, रातभर जाग्राँम गर्ने र शिवलिङ्गमा जल चढाउँने परम्परा छ । यसको गहिरो अर्थ शारीरिक भन्दा बढी मानसिक अनुशासनसँग सम्बन्धित छ । उपवासले इच्छामाथि नियन्त्रण सिकाउँछ भने जाग्राँमले सचेतता र सजगता बढाउँछ । अहिले आधुनिक समाजमा बढ्दो भौतिकता, तनाव र प्रतिस्पर्धाबीच मानिस आफ्नो आन्तरिक शान्तिबाट टाढा हुँदै गएको देखिन्छ । यस्तो अवस्थामा महाशिवरात्रिले संयम, धैर्य र सन्तुलनको जीवनशैली अपनाउन प्रेरित गर्छ ।

समाजशास्त्रीय र मानव सभ्यतासँग गासिएको हाम्रो मौलिक परम्परागत, सनातनिय दृष्टिले पनि यो पर्व महत्वपूर्ण छ । मन्दिरहरूमा हुने सामूहिक पूजा, भजन र दर्शनले सामाजिक एकता बलियो बनाउँछ । मानिसहरू वर्ग, जात र पेशाभन्दा माथि उठेर एउटै आस्थामा जोडिन्छन् । यसले सामाजिक सद्भाव र सहअस्तित्वलाई बल दिन्छ । आज विभाजन र अविश्वास बढिरहेको समयमा यस्ता पर्वहरुले समुदायबीच विश्वास पुनर्स्थापित गर्ने अवसर दिन्छन् । यद्यपि पछिल्ला वर्षहरूमा महाशिवरात्रि केही स्थानमा प्रदर्शनमुखी हुँदै गएको छ। ध्वनि प्रदूषण, फोहोर र अनावश्यक भीडले यसको आध्यात्मिक महत्व ओझेलमा पार्ने खतरा बढेको छ। शिवको सादगी र प्रकृतिप्रेमी जीवनदर्शन सम्झिने हो भने वातावरण संरक्षण र संयमित उत्सव नै साँचो पूजा हुन सक्छ । अन्ततः महाशिवरात्रि अन्धविश्वास होइन, आत्मशुद्धि र व्यवहार सुधारको प्रतीक पर्व हो । यदि हामीले शिवको अर्थ “कल्याण” भन्ने भावनालाई जीवनमा उतार्न सक्यौँ भने यो पर्व केवल मन्दिरमा सीमित रहने छैन, समाज रूपान्तरणको आधार बन्नेछ। आस्था व्यवहारमा झल्किँदा मात्र पर्वको वास्तविक सार्थकता प्राप्त हुन्छ भन्ने बुझाई आजको आवश्यकता हो ।

### Opinion @ Socia Network

रहरको बाटो कस्तो हुन्छ खै थाहाँ छैन तर
बाध्यता को बाटो हिड्न एकदमै गाह्रो हुने रहेछ ।
*(सागर थापाको **फेसबुक स्टाटसबाट** www.facebook.com/Sagar.Thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दलभित्रको वास्तविक ‘रूपान्तरण’ लोकतन्त्रको कवच



## जगदीश भट्टराई

लोकतन्त्र स्थिर प्रणाली होइन, निरन्तर सुधारको प्रक्रिया हो । बेलायतलाई हेरौँ । आजको आधुनिक संसदीय प्रणालीको जननी मानिने बेलायतमा पनि राजनीतिक दलहरू कठोर संरचनाबाट लचिलो संरचनामा पुग्न दशकौँ लाग्यो । सन् १९९० को दशकमा लेबर पार्टी पुरानो ट्रेड युनियन केन्द्रित पार्टीबाट व्यापक मध्यमवर्गीय मतदातालाई समेट्ने दलमा रूपान्तरण भयो । टोनी ब्लेयरको “न्यू लेबर” अभियान केवल नीतिगत परिवर्तन थिएन त्यो पार्टीभित्र बहसलाई वैध बनाउने, नेतृत्व चयनलाई खुला बनाउने र मतदाताको अपेक्षा अनुसार आफूलाई परिमार्जन गर्ने अभ्यास थियो ।

परम्परागत समर्थकबाट आलोचना खेप्दा पनि पार्टीले लोकतान्त्रिक प्रतिस्पर्धालाई स्वीकार गऱ्यो, र त्यसले दीर्घकालीन रूपमा संस्थागत विश्वसनीयता बढायो । त्यस कारण विकासको चरण चुली चुमेको अमेरिकामा पनि राजनीतिक दलहरू स्थिर छैनन् । त्यहाँको डेमोक्रेटिक र रिपब्लिकन पार्टी दुवैमा समय-समयमा गम्भीर वैचारिक पुनर्संरचना भएको छ । सन् १९६० को दशकमा नागरिक अधिकार आन्दोलनपछि डेमोक्रेटिक पार्टी दक्षिणी गोरा मतदाताबाट टाढा हुँदै अल्पसंख्यक र उदारवादी समूहको पार्टीमा रूपान्तरण भयो । पछिल्ला वर्षहरूमा रिपब्लिकन पार्टीभित्र पनि पुरानो “स्थापना पक्ष” र नयाँ जनवादी राष्ट्रवादी धारबीच प्रतिस्पर्धा खुला रूपमा देखियो । महत्वपूर्ण कुरा के हो भने–ती बहसहरूले कहिलेकाहीँ दललाई कमजोर बनाएजस्तो देखिए पनि लोकतन्त्रलाई बलियो बनायो, किनकि मतदाता बिच विकल्प, बहस र आलोचना सबै सार्वजनिक भए ।

अहिले नेपालको राजनीतिमा पनि पछिल्ला वर्षहरूमा बारम्बार उठ्ने शब्द हो– “रूपान्तरण”। विशेषगरी नेपाली कांग्रेसभित्र नेतृत्व पुस्तान्तरण, आन्तरिक प्रतिस्पर्धाको वैधता, सार्वजनिक बहसको स्वीकार्यता र पार्टीभित्रै फरक मतलाई ठाउँ दिनुपर्ने मागले नयाँ राजनीतिक संस्कारको खोजी भइरहेको संकेत दिन्छ । यो केवल एउटा पार्टीको आन्तरिक प्रक्रिया मात्र होइन, लोकतन्त्रमा विश्वास जोगाइराख्ने प्रयास पनि हो । विश्वका विकसित लोकतान्त्रिक मुलुकहरूमा यस्ता रूपान्तरणका अभ्यास कसरी विकसित भए र किन आवश्यक बने–त्यसको अध्ययन गर्नुपर्ने बेला भएको छ । अरु देशका अनुभवले नेपालका राजनीतिक दलहरूका लागि पनि महत्वपूर्ण सन्देश दिन्छ । जर्मनीको उदाहरण अझ रोचक छ । दोस्रो विश्वयुद्धपछि त्यहाँका दलहरूले एउटा पाठ सिके–बन्द संरचना र व्यक्तिपूजा लोकतन्त्रका लागि खतरनाक हुन्छन् । त्यसैले क्रिश्चियन डेमोक्रेटिक युनियन (सिडियु) र सोसल डेमोक्रेटिक पार्टी (एसपिडी) दुवैले पार्टीभित्र नीति सम्मेलन, सदस्य मतदान र नेतृत्व प्रतिस्पर्धालाई संस्थागत गरे। एन्जेला मर्केल जस्तो नेता पार्टीभित्रै प्रतिस्पर्धाबाट माथि आयो, केवल परम्परागत गुटको समर्थनबाट होइन। यसले नेतृत्वलाई “अधिकार” होइन “विश्वास” बाट आउने संस्कार विकास गऱ्यो । लोकतन्त्रप्रति आस्था भनेको चुनाव जित्नु मात्र होइन, हार स्वीकार्ने क्षमता पनि हो भन्ने जर्मन राजनीतिक संस्कृतिले देखायो ।

*सन् १९९० को दशकमा लेबर पार्टी पुरानो ट्रेड युनियन केन्द्रित पार्टीबाट व्यापक मध्यमवर्गीय मतदातालाई समेट्ने दलमा रूपान्तरण भयो । टोनी ब्लेयरको “न्यू लेबर” अभियान केवल नीतिगत परिवर्तन थिएन त्यो पार्टीभित्र बहसलाई वैध बनाउने, नेतृत्व चयनलाई खुला बनाउने र मतदाताको अपेक्षा अनुसार आफूलाई परिमार्जन गर्ने अभ्यास थियो । परम्परागत समर्थकबाट आलोचना खेप्दा पनि पार्टीले लोकतान्त्रिक प्रतिस्पर्धालाई स्वीकार गऱ्यो, र त्यसले दीर्घकालीन रूपमा संस्थागत विश्वसनीयता बढायो । त्यस कारण विकाशको चरण चुली चुमेको अमेरिकामा पनि राजनीतिक दलहरू स्थिर छैनन् । त्यहाँको डेमोक्रेटिक र रिपब्लिकन पार्टी दुवैमा समय-समयमा गम्भीर वैचारिक पुनर्संरचना भएको छ । सन् १९६० को दशकमा नागरिक अधिकार आन्दोलनपछि डेमोक्रेटिक पार्टी दक्षिणी गोरा मतदाताबाट टाढा हुँदै अल्पसंख्यक र उदारवादी समूहको पार्टीमा रूपान्तरण भयो । पछिल्ला वर्षहरूमा रिपब्लिकन पार्टीभित्र पनि पुरानो “स्थापना पक्ष” र नयाँ जनवादी राष्ट्रवादी धारबीच प्रतिस्पर्धा खुला रूपमा देखियो ।*

जापानमा लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) दशकौँ सत्तामा रहे पनि आन्तरिक प्रतिस्पर्धाले उसलाई स्थिर बनायो । एउटै पार्टीभित्र फरक-फरक गुटले प्रधानमन्त्री चयनमा प्रतिस्पर्धा गर्ने अभ्यासले सत्ता परिवर्तनलाई हिंस्रक वा अस्थिर हुनबाट जोगायो । जनताले सरकार परिवर्तन गर्न नसकेको अवस्थामा पनि पार्टीभित्रै परिवर्तन सम्भव भयो–जुन लोकतन्त्रको अर्को रूप हो । यी माथिका सबै उदाहरणहरूबाट एउटा साझा सन्देश निस्कन्छ – लोकतन्त्र टिकाउने शक्ति संविधान मात्र होइन, दलहरूको आन्तरिक लोकतन्त्र हो । जब दलहरू आफैँ परिवर्तन हुन तयार हुन्छन्, तब प्रणालीप्रति जनविश्वास बढ्छ । जब दलहरू स्थिर संरचनामा जकडिन्छन्, तब जनताले विकल्प बाहिर खोज्न थाल्छन्–त्यतिबेला कहिलेकाहीँ असंवैधानिक शक्तिसमेत सलबलाउन थाल्छन् ।

नेपालमा पनि यही मनोविज्ञान देखिन्छ । राजनीतिक दलहरू केवल चुनाव जित्ने संयन्त्र बने भने जनविश्वास घट्छ । तर जब नेतृत्व चयनमा प्रतिस्पर्धा हुन्छ, सार्वजनिक आलोचना स्वीकारिन्छ, र नीतिमा बहस खुला हुन्छ – तब लोकतन्त्र जीवित भएको अनुभव हुन्छ । नेपाली कांग्रेसभित्र देखिएका पुस्तान्तरणका आवाज, नीतिगत बहस, र नेतृत्वको वैधतामाथि उठेका प्रश्नहरूलाई कमजोरीका रूपमा होइन, परिपक्वताको संकेतका रूपमा बुझ्नुपर्छ । विकसित लोकतन्त्रहरूमा पनि यस्तै प्रक्रियाबाट दलहरू बलिया बनेका हुन् ।

लोकतन्त्रप्रति आस्था केवल नारामा हुँदैनन्, त्यो व्यवहारमा देखिन्छ। बेलायतमा प्रधानमन्त्री संसदबाट हट्नुपर्छ भने हट्छन्, अमेरिकामा राष्ट्रपतिले अदालतको आदेश मान्नुपर्छ, जर्मनीमा गठबन्धन भत्किए पुनः जनादेशमा जानुपर्छ । संस्थाप्रति यस्तो स्वीकृतिले नै राजनीतिक संस्कार बनाउँछ । नेपालमा पनि दलहरू नियमभन्दा व्यक्ति ठूलो हुने संस्कारबाट बाहिर निस्कँदै संकेत दिने रुपान्तरित काँग्रेसको हालैको पहल सकारात्मक संकेत हो । आजको युगमा मतदाता अधिक सचेत छ । सूचना प्रविधिले सबै कुरा पारदर्शी बनाएको छ । बन्द कोठामा निर्णय गरेर जनतालाई पछि जानकारी दिने राजनीति टिकाउ हुँदैन । विकसित मुलुकका लोकतन्त्र प्रति आस्था राख्ने दलहरूले यही कारणले पार्टी सदस्यलाई निर्णय प्रक्रियामा समेटे, प्राथमिक निर्वाचन गराए, सार्वजनिक बहसलाई खुला गरे । नेपालका सबै दलहरूले पनि यही बाटो रोजे भने मात्र लोकतन्त्रप्रति जनविश्वास बढ्नेछ । ***(लेखक भट्टराई अग्रज पत्रकार तथा राजनैतिक विश्लेषक हुन्*** )

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६११५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

**मेष** : सांस्कृतिक क्रियाकलापहरूमा सहभागी भइएला।गुरुजनहरूबाट सहयोग मिल्नेछ।
**वृष** : खानपिनमा ध्यान दिनुहोस्। आध्यात्मिक ज्ञानमा विकास हुनेछ।
**मिथुन**: दाम्पत्य जीवन सुमधुर रहनेछ। काममा नेतृत्व क्षमता देखिनेछ।
**कर्कट** : योजनाहरू सफल रहनेछन्। स्वास्थ्यमा कमजोरीको अनुभूति हुनेछ।
**सिंह** : सन्तानको प्रगतिलाई लिएर मनमा चिन्ता रहनेछ।सम्बन्धमा मजबुती आउनेछ।
**कन्या** : मुद्दा मामलाहरू सुल्झिने छन्। परिस्थितिले नयाँ मार्गतर्फ अग्रसर गराउनेछ।
**तुला** : सकारात्मक छवि निर्माण गर्न सकिन्छ। नयाँ योजनाहरू कोरिनेछन्।
**वृश्चिक** : भौतिक साधन संग्रह गर्ने योग छ।पठनपाठनमा मन लाग्नेछ।
**धनु** :प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। मनमा शान्ति छाउनेछ।
**मकर** : अरुको लागि बुद्धि वा श्रम खर्च गर्नुपर्ला। शत्रुहरूको सक्रियता बढ्नेछ।
**कुम्भ** : आर्थिक पक्ष सबल रहनेछ भने लाभका नयाँ स्रोतहरू निर्माण गर्न सकिनेछ।
**मीन** : प्रभावशाली व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ।कामकाजमा धेरै समय बित्नेछ।

## कृषि

# उखुका बिटा बोकेर उम्मेदवार भाइरल भए, किसानको पीडा बुझेनन्



ऋषि धमला उखुका बिटा बोक्दै खेतमा पसेपछि गाउँलेले थाहा पाए, चुनाव आयो । चुनाव त यसअघि पनि आउँथ्यो रौतहटमा । अनि ऋषि पनि आउँथे । तर यसअघि माइकको बुम बोकेर आउने धमला यसरी कुनै दिन उम्मेदवारै बनेर आउलान् भन्ने कल्पना यी देहाती लोगलाई भएन । जसै रौतहट-४ बाट चुनावी प्रतिष्पर्धामा उत्रिएका ऋषि धमलाले किसानको खेतमै पुगेर उखुका बिटा टिपे, भिडियो तु भाइरल भइदियो । यसअघिका चुनावभैँ यस चुनावले पनि समस्या उजागर त गर्ने पक्का देखियो तर समाधान भने खुद ऋषिसँग पनि थिएन । मतदाता रिझाउन अनेक ढर्रा गरिरहेका धमलाको उक्त भिडियो सामाजिक सञ्जालमा अहिले पनि घुमेको घुम्यै छ । भिडियो हेर्ने मध्ये धेरैले रमाइलो मानीमानी सेयर गरिरहेका हुन्छन् । अहिले मधेशमा उखु काट्ने र चिनी मिलमा बेच्ने सिजन चलिरहेको छ । तर यो देखिने सिजन हो । अक्सर राज्यले पनि नदेख्ने र सामाजिक सञ्जालमा पनि भाइरल नहुने उखुको अर्को अँध्यारो कथा छ, त्यही कथा आज हामी भन्दैछौं । सर्लाहीको हरिवन स्थित इन्दुशंकर चिनी मिलमा ट्याक्टरमा उखु लिएर पुगेका बरहथवा नगरपालिका-११ भवानीपुरका गणेश यादव गत माघ ८ गते बिहीबार बिहान १० बजेतिर पालो कुरेर बसिरहेका थिए । ट्याक्टर लाइनमा राखेर पछाडिको दुईवटा चक्काको बीचमा ओछ्यान लगाएर थकाइ मारिरहेका उनको हातमा केहीबेर अघि मात्र चलान पुर्जी परेको थियो । 'हिजो साँझ आएँ । तर चलान पुर्जी थिएन । अहिले केहीबेर अगाडि ल्याएँ',चलान पुर्जी पाएकोमा उनी खुसी देखिए । यादवका भनाइमा मिलले धनी र पहुँचवाला किसानलाई डरले समयमै चलान दिन्छन् तर साना किसानसँग पैसा लिन्छन् । 'उखु काटेपछि जेटिए (उखु मिलले खटाउने कृषि प्राविधिक) चलान पुर्जी दिन मान्दैनन् । एक ट्याक्टरको चलानका लागि पाँच सय/हजार रुपैयाँ देऊ, नभए होटल जाउँ, दारु मासु खुवाउ भन्छन्' उनले आक्रोश पोखे । उनका अनुसार पुस दोस्रो साता उखुको क्रसिङ हुन्छ भनेर हल्ला फैलायो । किसानले उखु काटे । तर एकडेढ हप्तासम्म उखु सुकेर तौल घट्यो । दौडधुप गरेर चलान लिएर उखु मिलमा पुऱ्याउँदा सुकेको भन्दै १० देखि २० प्रतिशत भाउ कट्टा गरिदियो । 'मिल खुल्यो भनेर हल्ला फैलायो । किसानले उखु काटे । तर चलान दिएन । १० दिनसम्म दौडधुप गरेर चलान लिएर उखु मिलमा पुर्याउँदा सुक्यो भनेर १०-२० प्रतिशत कटौती गरिदियो । जहाँ पनि किसानलाई नै घाटा' उनले दुखेसो पोखे । आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि ६ माघमा मनोनयन दर्ता गराएका दलका तथा स्वतन्त्र उम्मेदवारहरूले घरदैलो थालिसकेका छन् । भोट माग्नेहरू किसानका खेतदेखि उद्यमीका मिलसम्म पुगेका छन् । जति चुनावी सरगर्मी बढ्दै गए पनि मधेशका उखु किसानहरूका पीडा र समस्यामा भने कमी आएको छैन । बरू अघिल्ला निर्वाचनमा गरेका वाचा पुरा नगरि उम्मेदवारहरू फेरि भोट माग्न गाउँ छिरेकोमा किसानको आक्रोस भने बढेको छ । विगतका उम्मेदवार जितेर गएपछि उखु किसानको समस्याको बारेमा खासै भूमिका नखेलेको दुखेसो किसानको छ । 'मिलसँग नेताहरु पनि मिल्छन् । हाम्रो पिडामा बोलिदिँदैनन् । पुराना नेतासँग मन भरिएको छ । अब त नयाँलाई मत दिन्छु' किसान गणेशले सुनाए । सर्लाहीको इश्वरपुर नगरपालिका ८ रामपुरकी अम्बिका कार्की मध्यदिनमा आठ कठ्ठा खेतको उखु कटाएर मिलमा लैजान ट्याक्टरमा लोड गराउन व्यस्त थिइन् । मध्य हिउँदमा पनि रापिलो घाममा असिन-पसिन भएर काम गरिरहेका अरू किसानजस्तै उनको मनमा पनि पीडा त उही थियो- मेहनतको फल पाइएला कि नपाइएला ! उनले गत वर्षको बाँकी अनुदान अझै नपाएको गुनासो गरिन् । 'हेर्नुस् उखु उब्जाउन र मिलसम्म पुऱ्याउन कति दुःख छ । तर गत वर्षको उखुको अनुदानको पैसा अझै दिएको छैन,' उनले भनिन्, 'भन्न त दशैंकै बेला खातामा हालिदिने भनेका थिए । हेर्नुस न नेता, सरकार सबै झुटो बोल्छन् ।' खेती गर्न मल नपाउँदा कालोबजारीसग किन्नु परेको गुनासो गरिन । 'सबैले आशामात्रै देखाए काम गरेनन्,' कार्कीले भनिन् 'अब नयाँलाई हेर्ने हो ।' गत वर्ष उखुको मूल्य प्रति क्विन्टल ५८५ निर्धारण गरिएको थियो । त्यसमा उखु किसानलाई प्रोत्साहन बापत प्रति क्विन्टल ७० रुपैयाँ अनुदान दिने निर्णय सरकारले गरेको थियो । तर पछि सरकारले नै अनुदानमा ५० प्रतिशत कटौती गरिदियो । गत असार २२ गते आर्थिक वर्षको अन्त्यमा दिने भनेको ७० रुपैयाँ अनुदानबाट प्रतिक्विन्टल ३५ रुपैयाँका दरले मात्रै उपलब्ध गराउने निर्णय भएको थियो । त्यो रकम पनि किसानको हातमा अझै परेको छैन । 'एक त उखुको भाउ चाहे अनुसार छैन । त्यसमा पनि सरकारले तोकेको अनुदानमा कटौती गऱ्यो । त्यही ३५ रुपैयाँ अनुदान अझै हातमा परेको छैन' सर्लाहीको चन्द्रपुर नगरपालिका मोहनपुरका किसान प्रेमलाल यादवले गुनासो गरे । उनले गत वर्ष दुई विघा जमिनमा ६ सय क्विन्टल उखु उत्पादन गरेका थिए । चालु आर्थिक वर्षमा उखुको समर्थन मूल्य प्रति क्विन्टल ६२० रुपैयाँ तोकेको छ । २२ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले तोकेको यो मूल्य चिनी उद्योगहरूले किसानलाई सिधै भुक्तानी गर्नु पर्छ । यस अतिरिक्त सरकारले आर्थिक वर्षको अन्त्यमा उखु किसानलाई प्रतिक्विन्टल थप ७० रुपैयाँ अनुदान उपलब्ध गराउने निर्णय पनि गरेको छ । यसरी किसानले समर्थन मूल्य र सरकारी अनुदान दुवै मिलाएर प्रतिक्विन्टल ६ सय ९० रुपैयाँ पाउँछन् । यो मूल्य अहिलेसम्मको उच्च हो । यसबाट किसानले ट्याक्टरले आफ्ना मजदुर लगाएर मिलमा पुऱ्याएको भाडा वापत प्रतिक्विन्टल १५० रुपैयाँ लैजाने गरेका छन् । अनुदान कटौती र तोकिएको मिहिनेत अनुसार उचित मूल्य नभएको भन्दै किसान अझै असन्तुष्ट छन् । इन्दुशंकर चिनी मिलमा बिहीबार अपराह्न ४ बजे ट्याक्टरमा उखु लिएर पुगेका बसबरिया गाउँपालिका १ का अशोक यादव लगानी अनुसार अझै पनि भाउ नरहेको गुनासो गर्छन् । 'मिहिनेत र लगानी अनुसार उखुको भाउ नै छैन । मूल्य प्रति क्विन्टल ९ सयदेखि १ हजार भए मात्र अलि फाइदा हुने हो ।' विगतमा उखुको उचित मूल्य लागि पहल गर्छु भन्दै वाचा गरिवरी चुनाव जितेर गएकाहरूले अपेक्षा अनुसार काम त के पहल पनि नगरेको किसानहरूको गुनासो छ । 'पहिले चुनावमा आएका उम्मेदवारले उखु किसानको दुःख बुझेनन् । उनीहरूले त उल्टै मिलसँग मिलेर किसानलाई लुट्छन् । देशलाई लुटिरहेका छन्' किसान अशोक यादव भन्छन् 'अब आएकाहरुले किसानको समस्या बुझिदिउन । विगतमा जितेर गएकाहरुले खासै चासो नदेखाएको उनीहरुको गुनासो छ । तर, यसपटक सर्लाहीमा पुरानासँगै नयाँ हेभीवेट उम्मेदवारहरु मैदानमा छन् । प्रस्तावित प्रधानमन्त्रीको रुपमा उम्मेदवार देखिएका कांग्रेसका सभापति गगन थापा सर्लाही क्षेत्र नं. ४ मा उम्मेदवार छन् । यस्तै सर्लाही क्षेत्र नं. ३ मा नेपाली कम्युनिष्ट पार्टीका बरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ लडेका छन् । सर्लाही जिल्लाबाट विगतमा निरन्तर तथा पटक पटक सांसद जितिरहेका नेकपाका महेन्द्र राय यादव फेरि क्षेत्र नं. २, एमालेका हरि प्रसाद उप्रेती क्षेत्र नं. ३, अमरेश सिंह रास्वपाबाट क्षेत्र नं. ४, राष्ट्रिय मुक्ति पार्टीका राजेन्द्र महतो क्षेत्र नं. २ मा उम्मेदवार छन् । उनका अलावा अझ् पूराना उम्मेदवारहरू समेत चुनावी मैदानमा छन् । 'उखुको समस्यामा विगतका उम्मेदवारको वजन पुगेन, आएकालाई विश्वास गर्न सकिँदैन' विगतदेखि नै सरकार र जनप्रतिनिधि उखु किसानको समस्याप्रति गम्भीर नरहेको उखु उत्पादन महासंघ नेपालका अध्यक्ष श्यामबाबु रायको भनाइ छ । 'लगानी र मिहिनेत अनुसार खुको भाउ चित्त बुझ्दो छैन । कम्तीमा प्रतिक्विन्टल ७ सय रुपैयाँ हुनुपऱ्यो । हाम्रो माग पनि त्यही थियो' अध्यक्ष राय भन्छन् 'विगतदेखि नै उखु किसान सरकार र जनप्रतिनिधिको चासोको विषय छैन । सरकार उखु किसान फस्टाओस् भन्दा चिनी मिल मालिक फस्टाउन् खोजेको हो ।' उनका अनुसार विगतमा ८० देखि ९० लाख क्वीन्टल उखु सर्लाहीमा उत्पादन हुने गरेको थियो । तर पछिल्ला वर्षहरूमा सर्लाहीमा उखु उत्पादन घट्दो छ । अहिले ५५ देखि ६० लाख क्वीन्टल मात्र उत्पादन भइरहेको उनको भनाइ छ । 'लागनी अनुसारको भाउ नपाउदा उखु किसान पलायन हुँदैछन् । आफै उत्पादन गर्ने किसानलाई ठीक छ । तर मजदुर लगाएर गराउन अहिलेको भाउ कम हो' उनले भने । विगतमा यस जिल्लाबाट चुनाव जितेर संसदमा पुगेका सांसदहरूको उखु किसानको समस्या उठाउन नै वेट नपुगेको उनको बुझाइ छ । 'यहाँको राजनीति दलको भूमिका सकरात्मक नै देखिन्छ । तर यहाँबाट जितेर गएकाहरूलाई सरकारमा यो कुरा राख्न वेट नै पुगेन' अध्यक्ष रायले भने 'अहिले बाहिरबाट आएका हेभीवेट उम्मेदवारहरुलाई पनि विश्वास गर्न सकिँदैन । उनीहरू पनि जित्न आएका हुन् ।'

*-अनलाइन खबर डटकम*

# गहुँको समर्थन मूल्य तोक्ने प्रक्रिया सुरु



कृषि विभागले गहुँको समर्थन मूल्य तोक्न आवश्यक अध्ययन थालेको छ । विभागले किसानलाई उचित मूल्य सुनिश्चित गर्न विभिन्न १० जिल्लामा स्थलगत अध्ययन थालेको हो । अध्ययनका क्रममा गहुँ उत्पादनमा लाग्ने खर्च तथा बीउ, मल, श्रम, मुद्रास्फीति र बजार मूल्यको विश्लेषण गरी उत्पादनलागत आधारमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिने विभागले जनाएको छ । विभागको टोलीले स्थलगत अध्ययन गरेपछि निर्धारण गरिने वैज्ञानिक मूल्य कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा सिफारिस गरेर पठाइने विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिए । सिफारिस भएर आएको मूल्यमा विभागीय मन्त्रालयले थप छलफलका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग समन्वय गर्ने विभागले जनाएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले उत्पादन लागत र अन्य सान्दर्भिक आधारहरू समेटेर गरेको मूल्य सिफारिसलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्ने उनले बताए । सम्पूर्ण प्रक्रिया पूरा भएपछि मन्त्रिपरिषद् बैठकले मूल्य तोक्ने छ । यसरी तोकिएको मूल्य आधिकारिक रूपमा सार्वजनिक गरिने विभागका महानिर्देशक सञ्जेलले जानकारी दिए । सरकारले तोकेको मूल्यमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत गहुँ खरिद हुने जनाउँदै उनले यस वर्ष २२ लाख मेट्रिकटन गहुँ उत्पादन हुने अनुमान गरिएको बताए ।

*-डिसी नेपाल डटकम*

# पशुलाई रोगबाट जोगाउन पूर्णखोप अभियान



पशुलाई महामारीजन्य रोगबाट जोगाउनका लागि म्यादी जिल्लामा पशुमा पूर्णखोप अभियान सञ्चालन भएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लाका छवटै स्थानीय तहका किसानले पालेका पशुलाई खोप लगाउने अभियान सञ्चालन गरेको हो । चालु आर्थिक वर्ष २०८२/८३ मा पशुमा पूर्ण खोप कार्यक्रममार्फत करिब ९० हजार गाई, भैँसी, बाख्रा, भेडा र कुकुरलाई महामारीजन्य रोगविरुद्ध पाँच प्रकारका खोप लगाउने लक्ष्य रहेको केन्द्रका प्रमुख गोपाल गिरीले जानकारी दिए । करिब ११ हजार घरपरिवार किसानले पालेका १४ हजार १५९ गाई, २३ हजार ३२६ भैँसी, ४७ हजार १८६ बाख्रा, १४ हजार ७९१ भेडा, एक हजार ६६८ बङ्गुर, चार हजार ८७७ कुकुर बिरालो र ३७९ चौरीलाई खोप लगाउने लक्ष्य रहेको छ । गाईभैँसीलाई खोरेत र लम्की स्किन, भेडाबाख्रालाई पिपिआर, कुकुर, बिरालोलाई रेबिज र बङ्गुर/सुगुरलाई स्वाइन फिवरविरुद्धको खोप लगाइने केन्द्रका प्रमुख गिरीले बताए । बेनी नगरपालिका, धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकामा खोप अभियान सम्पन्न भएको छ । रघुगङ्गा र मङ्गला गाउँपालिकामा सुरु भएको छ । किसानका पशु फार्म तथा गोठमा पुगेर पशु चौपायाको तथ्याङ्क सङ्कलन, खोपकर्ता नियुक्ति, पालिकास्तरमा जनप्रतिनिधि र अगुवा किसानलाई अभिमुखीकरण गरी खोप लगाउन प्राविधिकहरूलाई पचािलन गरिएको छ । पूर्ण खोप अभियानका लागि एउटा वडामा भूगोल र पशु सङ्ख्याका आधारमा दुईदेखि तीन जनाका दरले प्राविधिक र खोपकर्ता परिचालन गरिएको थियो । पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी उपाय भएको किसानहरू बताउँछन् । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको बेनी नगरपालिका-३ डाडाखानीका किसान धनबहादुर श्रीसले बताए । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मूल पार्ने योजनाअनुसार प्रदेशलाई नै पूर्णखोपयुक्त बनाउन ११ जिल्लामा पशुमा पूर्णखोप अभियान चलाएको छ । *-रासस*

# सोया बडीमा ४५ प्रतिशत प्रोटिन अनिवार्य

सरकारले व्यापक रूपमा उपभोग हुने सोया बरी (सोया चङ्कस, सोया बडी, सोया नगेट्स वा सोया ग्रानुल्स) को गुणस्तर निर्धारणका लागि नयाँ मापदण्ड जारी गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१' ले दिएको अधिकार प्रयोग गर्दै यससम्बन्धी विस्तृत सूचना नेपाल राजपत्रमा प्रकाशित गरेको हो । यस नयाँ व्यवस्थासँगै अबदेखि नेपालभर उत्पादन र बिक्री हुने सोयाजन्य उत्पादनहरूले सरकारले तोकेका निश्चित रासायनिक, भौतिक र जैविक मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ । मन्त्रालयद्वारा जारी गरिएको सूचनामा सोया बरीलाई प्राविधिक रूपमा परिभाषित गरिएको छ । जसअनुसार तेल निकालिएको ( डिफ्याटेड) भटमासको पिठो, ग्रिट्स वा दलियामा अन्य उपभोगयोग्य वनस्पतिजन्य प्रोटिन राखी वा नराखी 'एक्स्टुजन' प्रविधिबाट तयार पारिएको 'टेक्सचराइज्ड' सुक्खा सोया प्रोडक्टलाई नै सोया बरी मानिनेछ । बजारमा पाइने सोया चङ्कसदेखि साना दाना भएका सोया ग्रानुल्ससम्म सबै यसै मापदण्डको परिधिभित्र समेटिएका छन् । सरकारले सोया बरीको मौलिकता र गुणस्तर कायम राख्न यसमा अन्य कुनै खाद्य पदार्थ मिसाउनुपर्ने भएमा त्यसको मात्रा कुल तौलको बढीमा तीन प्रतिशतसम्म मात्र हुन पाउने कडा सीमा निर्धारण गरेको छ । यसले सोया बरीमा हुने अनावश्यक मिसावटलाई निरुत्साहित गर्ने विश्वास गरिएको छ । सोया बरीको भौतिक अवस्थाका बारेमा बोल्दै मन्त्रालयले यो उत्पादन पूर्णरूपमा स्वच्छ, सफा र यसको प्राकृतिक स्वाद एवं बास्नायुक्त हुनुपर्ने प्रावधान राखेको छ । उत्पादनमा कुनै पनि प्रकारको ढुसी लागेको, कीरा लागेको वा सडेको अवस्था हुन नहुने र कुनै पनि अप्रिय गन्ध आउन नहुने कुरालाई अनिवार्य बनाइएको छ । साथै, सोया बरीको पोषक तत्वको सन्तुलन मिलाउन सरकारले विभिन्न प्राविधिक सूचकहरू तोकेको छ । नयाँ मापदण्ड अनुसार सोया बरीमा ओसको मात्रा १० प्रतिशतभन्दा बढी हुन पाउने छैन । प्रोटिनको मात्रामा विशेष ध्यान दिँदै सुक्खा तौलको आधारमा कम्तीमा ४५ प्रतिशत प्रोटिन हुनुपर्ने प्रावधान राखिएको छ । जसले उपभोक्तालाई उच्च प्रोटिनयुक्त खाद्य वस्तु प्राप्त हुने सुनिश्चित गर्छ ।यस्तै कुल खरानीजन्यको मात्रा ८ प्रतिशत, क्रुड फाइबर ३.५ प्रतिशत र एसिडमा नघुल्ने खरानीको मात्रा ०.३ प्रतिशतभन्दा बढी हुन नहुने गरी सीमा निर्धारण गरिएको छ । स्वास्थ्य सुरक्षाका दृष्टिकोणले निकै संवेदनशील मानिने रासायनिक तत्वहरूको प्रयोगमा पनि सरकारले निगरानी बढाएको छ ।

*-रासस*

# आज सेना दिवस मनाइँदै



**पाल्पा,** फागुन २/ नेपाली सेनाले आज सेना दिवस मनाउँदै छ । नेपाली सेना गठन गरेको उपलक्ष्यमा हरेक बर्ष महाशिवरात्रीका दिन सेना दिवस मनाउँदै आईएको हो ।

दिवसका अवसरमा देशैभरका सैनिक ब्यारेकहरुमा विभिन्न कार्यक्रम हुँदै छन् । त्यहाँ परेड (शस्त्राभ्यास) तथा तोप बढाइँ, कवाजलगायतविविध सांस्कृतिक कार्यक्रमहरु सञ्चालन हुने छन् । जङगी अड्डा मातहत मुलुकका विभिन्न भागमा तैनाथ कमाण्ड, बाहिनी, गण, गुल्मलगायत निकायमा आज विभिन्न कार्यक्रम आयोजना गरिएको नेपाली सेनाले जनाएको छ । नेपाल राष्ट्रको गौरवशाली संगठनहरूमध्ये सबैभन्दा पुरानो संस्था नेपाली सेना हो । देशको इतिहाससँगै नेपाली सेनाको इतिहास थालनी भएको पाइन्छ । आम नागरिकलाई नेपाली सेनासँग सम्बन्धित जानकारी प्रदान गर्ने र सेनाले राष्ट्रिय अभिमान, एकता, आपसी सद्भाव र विश्वास जगाउन प्रदर्शनीले महत्वपूर्ण भूमिका खेल्ने सेनाले जनाएको छ । प्रदर्शनीमा विभिन्न समयमा प्रयोग भएका ऐतिहासिक सुरक्षा सामग्री र उपकरणहरू समेत राखिएको थियो । ऐतिहासिककालदेखि नै सेना राष्ट्रिय मूल्य, मान्यता, परम्परा र संस्कृतिबाट अभिप्रेरित रहेको छ । सेना देश र जनताप्रतिको त्यो जिम्मेवारी तथा कर्तव्यलाई पूरा गर्न इतिहासका विभिन्न कालखण्डमा सेनाले उदाहरणीय र कीर्तिमानी काम गरी आएको छ । सेनाको वर्तमान सांगठनिक स्वरूप १८१९ सालदेखि सुरु भएको हो । देशभक्ति, समर्पण र आम नेपालीको हितलाई केन्द्रमा राखेर काम गर्दै आएको सेनाले आफूलाई नागरिकका बीचमा विश्वासिलो संगठनका रुपमा उभ्याएको छ । सैनिक वीरपुर्खाको अदम्य साहस, वीरता र बलिदानका आधारमा नेपाल राष्ट्र स्थापना भएको थियो । राष्ट्रिय एकता कायम राख्नु सेनाको संवैधानिक जिम्मेवारी हो । सेनामा अनुशासन, 'चेन अफ कमान्ड' र राजनीति निरपेक्ष चरित्र तथा एकताको भावना उच्च संस्कार मानिन्छ । नेपाली सेना मुलुकमा मात्र होइन, अन्तरराष्ट्रिय क्षेत्रमा भरपर्दो र विश्वसनीय फौजको छवि बनाउन सफल भएको छ । सेनाले संघीय, प्रदेश र स्थानीय तहसँग आवश्यक समन्वयन गरी पुरातात्विक, ऐतिहासिक र सांस्कृतिक महत्वका गढी, किल्ला, दरबार, पदमार्ग, सङ्ग्रहालयको संरक्षण तथा मर्मतसम्भार गर्दै आएको छ । त्यति मात्र हैन सेनाले विपद् व्यवस्थापन र सडक पूर्वाधार निर्माणमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ ।

## खेलकुद समाचार


### ओमान आयरल्याण्डसँग ९६ रनले पराजित



**काठमाडौं,** फागुन २/आईसीसी टी-२० विश्वकप क्रिकेटमा आयरल्याण्डले ओमानलाई ९६ रनले पराजित गरेको छ । आयरल्याण्डले दिएको २ सय ३६ रनको लक्ष्य पछ्याएको ओमान १८ ओभरमा एक सय ३९ रन बनाउँदा अलआउट भयो । ओमानका आमिर कलीमले ५० र हमाद मिर्जाले ४६ रन बनाए पनि टोलीलाई जिताउन सकेनन् । आयरल्याण्डका जोश लिटिलले ३ विकेट लिए । त्यसअघि श्रीलङ्काको कोलम्बोमा टस हारेर ब्याटिङ गरेको आयरल्याण्डले ५ विकेट गुमाएर २ सय ३५ बनायो । आयरल्याण्डका कप्तान लोर्कन टकरले अविजित ९४ रन र ग्यारेथ डेलानीले ५६ रन बनाए । ओमानका शकील अहमदले ३ विकेट लिए । यो जीतसँगै आयरल्यान्डले २ अङ्क जोडेको छ । यस्तै अहिले इंग्ल्याण्ड र स्कटल्याण्डले भारतको इडेन गार्डेन्समा खेलिरहेका छन् । इंग्ल्याण्डले टस जितेर बलिङ गरिरहेको छ । नेपालले आफ्नो तेस्रो खेल भोलि बिहान सवा ११ बजे वेस्ट इन्डिजसँग खेल्नेछ । यसअघि नेपाल इंग्ल्यान्डसँग ४ रन र इटालीसँग १० विकेटले पराजित भएको थियो । नेपालले समूह चरणको आफ्नो अन्तिम खेल मंगलबार स्कटल्याण्डसँग खेल्नेछ । यसअघि शुक्रबार भएका खेलमा अमेरिका, युएई र जिम्बावे विजयी भएका छन् । अमेरिकाले नेदरल्यान्ड्सलाई ९३ रनले, यूएईले क्यानडालाई ५ विकेटले र जिम्बावेले अस्ट्रेलियालाई २३ रनले हराएको हो ।

## अर्थ/कर्पोरेट समाचार

### लुम्बिनीमा चार महिनामा थपिए तीन हजार बढी उद्योग



**दाङ,** फागुन २/लुम्बिनी प्रदेशमा चालु आर्थिक वर्षको ६ महिनामा तीन हजार ६ सय ९१ नयाँ उद्योग थपिएका छन् । प्रदेशका १२ वटै जिल्लाको रेकर्डमा नयाँ उद्यमी थपिएका हुन् ।

प्रदेशमा नयाँ उद्योग व्यवसायमा आकर्षण बढेको कारण उद्योग थपिने क्रम बढेको लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको तथ्यांकले देखाएको छ । चालु वर्षमा एक हजार ४५६ उद्योग बन्द भएका छन् । उद्योगतर्फ ६८२ र वाणिज्य प्रशासनतर्फ ७७४ गरी एक हजार ४५६ उद्योग व्यवसायको लगत कट्टा भएको छ । उद्योगतर्फ एक हजार ७७१ र वाणिज्य प्रशासनतर्फ एक हजार ९२० नयाँ थप भएका छन् । उद्योग व्यवसायको नवीकरणतर्फ उद्योगभन्दा वाणिज्यका बढी छन् । उद्योगतर्फ चार हजार ८२४ नवीकरण हुँदा ६ महिनाको अवधिमा वाणिज्य प्रशासनतर्फ पाँच हजार २४९ व्यवसायको नवीकरण भएको मन्त्रालयका सूचना अधिकारी सन्तोषकुमार सुवेदीले जानकारी दिए । चालु वर्षको ६ महिनामा रुपन्देहीमा उद्योगतर्फ ४७६ र ६०२ वाणिज्यफर्म दर्ता भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार बाँकेमा ३३० र ३२९ वाणिज्य फर्म दर्ता भएका छन् । नवलपरासी पश्चिममा १७८ उद्योग नयाँ दर्ता हुँदा १८४ वाणिज्य फर्म दर्ता भएका छन् । कपिलवस्तुमा उद्योगतर्फ २०५ र वाणिज्यतर्फ २०० फर्म दर्ता भएका छन् । दाङमा २५० उद्योग र ३७८ वाणिज्य फर्म दर्ता भएका छन् । बर्दियामा १०६ उद्योग र ११७ वाणिज्य फर्म दर्ता भएका छन् । यसैगरी पाल्पामा उद्योगतर्फ ४४ र वाणिज्यतर्फ ३९ फर्म दर्ता भएका छन् । गुल्मीमा ३३ उद्योग र ३६ वाणिज्य फर्म दर्ता हुँदा अर्घाखाँचीमा ५३ उद्योग र १२ वाणिज्यतर्फका फर्म दर्ता भएका छन् । प्युठानमा उद्योगतर्फ ३५ र वाणिज्यतर्फ २० फर्म दर्ता भएका छन् । रोल्पामा २८ उद्योग र २५ वाणिज्य फर्म दर्ता भएका छन् । मन्त्रालयका अनुसार रुकुम पूर्वमा ३३ उद्योग र १८ वाणिज्य फर्म दर्ता भएका छन् । यसरी थपिएका उद्योग व्यवसायमा साढे १३ अर्ब लगानी रहेको छ । प्रदेशका १२ जिल्लामा उद्योग र व्यवसाय क्षेत्रमा उक्त लगानी भएको हो ।

# पाल्पामा निर्वाचन प्रहरी ...

... निर्वाचन प्रहरीले रक्तदानमा देखाएको सक्रियता समुदाय प्रहरीको आपसी सहकार्यबाटै शान्तिपुर्ण समाजको निर्माणको बाटो देखाएको जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक दिपेन्द्र पञ्जियार थारुले बताए ।पाल्पामा लुम्बिनी मेडिकल कलेज, मिसन अस्पताल र पाल्पा अस्पताल गरी तीनवटा ठूला अस्पतालहरू सञ्चालनमा यी अस्पतालहरूमा दैनिक हुने जटिल शल्यक्रिया, सुत्केरी व्यथा र विभिन्न सडक दुर्घटनाका घाइतेहरूको उपचारका लागि रगतको माग उच्च रहने गरेको छ । जिल्लामै रगत व्यबस्थापनको लागि रेडक्रस पाल्पाले गएको भदौ महिनादेखी तानसेनमा रक्तसंचार केन्द संचालन गरेको छ । तथ्याङ्क अनुसार पाल्पामा दैनिक १० युनिट, मासिक ३ सय युनिट र वार्षिक रूपमा करिब ३ हजार ६ सय युनिट रगतको आवश्यकता पर्दछ । यस्तो अवस्थामा सुरक्षाकर्मीले गरेको यो योगदानले रगतको अभाव टार्न ठूलो सहयोग पुऱ्याएको जिल्ला रेडक्रस पाल्पाका कार्यालय प्रमुख विनोद भारतीले बताए । पाल्पाका निर्वाचन प्रहरीले रगतको अभावमा छटपटाइरहेका बिरामीहरूका लागि 'जीवनदाता' बनेर नयाँ पहिचान बनाएका छन् । पाल्पाका २५ जना निर्वाचन प्रहरीले गरेको रगतको दान मात्र होइन, यो मानव सेवाको नमुना कार्य हो । निर्वाचनको सुरक्षा चुनौतीका बीच समय निकालेर समाजका लागि केही गरौं भन्ने भावना आफैंमा प्रशंसनीय रहेको छ । आगामी फागुन २१ गते हुने निर्वाचनमा निर्वाचन प्रहरीले शान्ति सुरक्षा प्रदान त गर्ने नै छन् , त्यो भन्दा पनि उनीहरूले गरेको रगत दानले धेरैको जीवन बचाउने छ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत

डस्प्लेमा

विज्ञापन

दिनुहोस्

व्यवसाय

बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१८६४, ५२१८६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई